# <u>एनआरएन अमेरिकामा यस कारण मेरो उमेदवारी</u>



**रबिना थापा**
**उपाध्यक्ष पदको उम्मेद्वार**
**एन आर एन एन सि सि अमेरिका**

विश्वभर छरिएर रहेका नेपाल बाहिरका नेपालीहरुको साझा मन्चकोरुपमा गैर आवासिय नेपाली संघले हालैका वर्षहरुमा निकै लोकप्रियता हासिल गरेको छ । अझ गैर आवासिय नेपाली संघ, अमेरिकाको सदस्यता बिस्तार र लोक प्रियताको अभिवृद्धि त बितेको एक वर्षमा तीब्रतम नै रह्यो । Elite club को स्थितिबाट बढेर आम अमेरिकावासी नेपालीहरुको चासो र विश्वासको केन्द्रकोरुपमा आफूलाई स्थापित गर्ने संक्रमणमा छ - एनआरएन अमेरिका । यो परिवेशमा यो संस्थालाई वान्छित दिशा तिर उन्मुख गरी अमेरिकावासी नेपालीहरुलाई कर्म थलो अमेरिका र जन्म थलो नेपालमा आफ्ना हकहितको संरक्षण र संबर्द्धनमा प्रभावकारी ढंगले सघाउ पुर्याउने संस्थाकोरुपमा स्थापित गर्नु आजको चुनौती हो । यो चुनौतीको सामनाको निम्ति समाजसेवाको क्षेत्रको मेरो लामो र उपलब्धीमूलक अनुभव, खट्न सक्ने क्षमता, एवम् समाज सेवा प्रतिको मेरो समर्पण उपयोग गर्ने उद्देश्यले यस गरीमामय संस्थाको उपाध्यक्ष पदमा मैले उम्मेदवारी दिएको कुरा यहाँहरुमा निबेदन गर्न चाहान्छु ।

यस सन्दर्भमा मेरा अनुभव, उद्देश्य र केहि सान्दर्भिक कुराहरु यहाँहरु समक्ष राख्न चाहान्छु । मैले लामो समय बाना (Baltimore Association of Nepalese in America) को सभापति भई सेवा गर्ने अवसर प्राप्त गरेँ । त्यस अवसरलाई मैले मूलत: यस क्षेत्रमा वस्ने नेपालीहरु बीच आपसी सहयोग र भाईचाराको अभिवृद्धि गर्ने, नेपाली संस्कृति, भाषा र मौलिक पहिचानलाई यस कर्मथलोमा पनि सजिब राख्ने, नेपालीहरुलाई यस कर्मथलोमा रोजगारी र व्यवशाय गर्न सहयोग दिने र आपद विपदमा परेका नेपालीहरुलाई सहयोग जुटाउने अवसरको रुपमा उपयोग गरेँ ।

संसारका जुनसुकै कुनामा नेपालीका सन्तान जन्मे पनि म नेपाली हुँ र नेपाल प्रति मेरो कर्तव्य छ भन्ने भावनाको विकास गराउनु पर्छ भन्ने मेरो धारणा छ । मेरो कार्यकालमा बानाको सक्रियतामा नेपाली भाषा कक्षाको सन्चालन भयो । यस किसिमका भाषा र ससंकृतिको प्रबर्धनलाई अमेरिका भरि अभियानकोरुपमा चलाउनु पर्छ र त्यस निम्ति केहि गरौँ भनेर म उठेकी हुँ ।

हामीले बानामार्फत नेपाली व्यवशायीहरुलाई व्यवशाय सन्चालन सम्बन्धी कानूनी तथा अन्य जानकारी दिने कार्यक्रम सन्चालन गर्यौं जुन धेरै प्रभावकारी भयो । नेपाली नेपालीबीच सीप, प्रबिधिको हस्तान्तरण, अनुभवको आदान प्रदानले यस कर्मथलोमा प्रगति गर्न ठूलो मद्दत पुग्दछ । यो संभावनालाई वास्तविकतामा परिवर्तन गर्न खट्ने कटिबद्धता हो मेरो उम्मेदवारी ।

अमेरिका बस्नु हरेक नेपालीका बाध्यता हो भन्दा अतियुक्ति नहोला । धेरैले रहरले विदेशि नागरिकता लिदैनन् । सन्तानको शिक्षा,स्वास्थ्य जस्ता कुराले बाध्य बनाएको हुन्छ तथापि नेपाल विदेशिएका हामी नेपालीको मन मस्तिष्कमा धनि टड्कारोरुपमा रहेको हुन्छ । नेपाली पन,नेपाली पहिचान अनि म नेपाली हुँ र नेपालकै लागि केहि गर्नुपर्छ भन्ने भावनाले

ओतप्रोत नेपालीहरु सँधै नेपाली रहन पाउनु पर्छ र उनीहरुको लगानीलाई विशेष प्रोत्साहन हुनुपर्छ, प्रविधि हस्तान्तरण सहज हुनु पर्छ भन्ने आवाज़ उठाउन र त्यस निम्ति आवश्यक कानून नबनुन्जेल प्रभावकारी पहल जारी राख्ने वाचा र उद्देश्य लिई म एनआरएन अमेरिकामा उपाध्यक्ष पद्का लागी मैले आफ्नो उम्मेदवारी दर्ता गराएकी हुँ ।

आज नेपाल छ र त हामी म नेपाली हुँ भन्न पाएका छौ । यदि नेपाल नै रहेन भने हामि त रहौला तर हाम्रो पहिचान कहाँ रहन्छ र ? । आफू जन्मेको माटो प्रतिको हाम्रो आफ्नो कर्तव्यबाट हामी पन्छिन मिल्दैन । त्यसका निम्ति गैर आवासीय नेपालीहरुलाई आफ्नो मातृभूमिमा परोकार निम्ति उत्प्रेरित गर्ने र त्यस्तो कार्य गर्न खोज्नेहरुलाई सहज वातावरण र मन्चको व्यवस्था गरी मातृभूमिको सेवा र नेपाल स्थित नेपाली दाजुभाई दिदी बहिनीको माया जित्ने अभियानमा होमिने प्रण साथ आएको हो मेरो उम्मेदबारी ।

अमेरिकामा भण्डै झण्डै तीन लाखको हाराहारीमा रहेका नेपालीहरु एनआरएन अमेरिकाको चुनावी गतिविधि नियाली रहेका छन् । धेरै विश्लेषण अनि कसको नेतृत्व महत्वपूर्ण होला भन्ने खालका चर्चाले प्राथमिकता पाएका छन् । परदेशमा पनि आफ्नो हकहित,अधिकार,अर्थ र व्यापार र मुलुक प्रतिको जिम्मेवारी एनआरएनका मुख्य एजेण्डा हुन् । विदेशी नागरिकता लिँदा नेपाली नागरिकता खारेज नहुने व्यवस्थाको माग एनआरएनको पहिलो ठुलो एजेण्डा हो । आर्थिक लगानिको मुद्दा एनआरएनको पहिलो मुद्दाका रुपमा स्थापित थियो तर पछिल्लो समय दोहारो नागरिकता ,मताधिकार र सामुहिक लगानी जस्ता मुद्दामा तिव्रता दिदै आएको छ ।

एनआरएन अमेरिकामा मेरो सक्रियता रहोस या नरहोस त्यो ठुलो कुरा होइन तर व्यक्तिगत स्वार्थ तथा फाइदाका लागी एवम एनआरएनमा राजनितिकरण हुनु हुँदैन भन्ने कुरामा मेरो विशेष जोड रहेको छ । राजनैतिक रंगका मानिसको प्रवेशले एनआरएन पनि राजनिकि विवाद एवम ति विवादहरुमा पनि राष्ट्रिय समन्वय समिति समेत मुछिएका छन् । पारदर्शिता एवम व्यवस्थित एनआरएन नै आजको आवश्यकता हो ।

म्याग्दी जस्तो विकट जिल्लामा जन्मेर पनि कर्म थलो अमेरिकालाई बनाएको पनि १३ बर्ष पुगिसकेको छ । अमेरिकामा पुन लिएको शैक्षिक योग्यताले म भित्र आत्माविश्वास, अनुभव र नेतृत्व क्षमता उच्च रहेको म आफुले बोध गरेको छु । बानाको अध्यक्षता सम्हालेर मैले नेतृत्व क्षमता प्रस्तुत गरेको सर्वविदितै छ । महिला हकहित तथा बराबरीको सिद्धान्तलाई पनि मैले राम्रो अध्ययन गरेर नै चुावमा होमिएकी हुँ । एनआरएन भित्र पनि महिलाहरु निकै पछि रेहको मैले महसुस गरेको छु । महिलाहरुले केहि गर्न सक्दैनन् भन्ने भावनाको विरुद्ध पनि मैले ेमेदवारी दर्ता गराएको हुँ । सांगठनिक अनुभव , शैक्षिक योग्यता, बौद्धिकता तथा नेपाल र नेपाली प्रतिको मेरो कर्तव्य बोधले एनआरएन अमेरिकाको चुस्त दुरुस्त सेवा तथा मजबुत संगठनका खातिर मेरो नेतृत्व महत्वपूर्ण रहने छ । यसैले यहाँहरुको अमूल्य मत दिई मलाई एनआरएन युएसएको उपाध्यक्षको हैसियतले सेवा गर्ने मौका दिनुहुन विनम्र आग्रह गर्दछु ।


Non-Resident Nepali National Coordination Council of USA
"नेपालीका लागी नेपाली"
NRNA
NCC-USA
Non-Resident Nepali Association
नेपालीका लागी नेपाली"
2015
RABINA THAPA
VICE - PRESIDENT
VOTE
CANDIDATE FOR
NRN-NCC-USA-2015
TIME FOR GREATNESS, SURE FOR BETTER RESULT
RABINA THAPA
PHONE - 1-443-839-6555, email - rabinabana@gmail.com